# राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य श्री प्रकाश वस्तीले अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको उपलक्ष्यमा दिनु भएको स्वागत मन्तव्य

यस समारोहका सभापतिज्यू,

माननीय गृहमन्त्रीज्यू,

मञ्चमा आसिन व्यक्तित्वहरु

माननीय मन्त्रीज्यूहरु,

माननीय सांसदज्यूहरु,

संवैधानिक आयोग तथा निकायका प्रतिनिधिज्यूहरु,

आयोगका पूर्व अध्यक्ष तथा सदस्यज्यूहरु

नेपाल सरकारका सचिवज्यूहरु,

सुरक्षा निकायका प्रमुखज्यूहरु

निजामती तथा सुरक्षा निकायका उच्च अधिकृतज्यूहरु,

मानव अधिकारकर्मी तथा नागरिक समाजका अगुवाहरु,

कुटनीतिक नियोगका प्रतिनिधिहरु

सञ्चारकर्मी तथा आमन्त्रित गन्यमान्यजन !

आज डिसेम्बर १० अर्थात ७१ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको पावन अवसरमा यहाँहरु सबैमा राष्ट्रिय मानव अधिकार आयोगको तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्नुका साथै यस कार्यक्रममा हार्दिक स्वागत गर्दछु । मानव अधिकारको क्षेत्रमा संलग्न हामी सबैले आ-आफूले मानव अधिकार संस्कृतिको संरक्षण र प्रवर्द्धनका लागि विगतमा गरेका कामको सिंहावलोकन गर्दै तिनको मूल्याङ्कनका साथ चुनौतीहरुको निर्धारण र भावी कार्यदिशाको रेखाङ्कन गर्नुमा नै आजको दिनको सार्थकता सिद्ध हुनेछ ।

राष्टिय मानव अधिकार आयोगका वर्तमान पदाधिकारीहरुका लागि पदावधिका कारणबाट आजको जिम्मेवारी निर्वाह गर्ने यो अन्तिम अवसर हो । त्यसैले यहाँहरुको स्वागत गर्ने क्रममा सिंहावलोकनार्थ संक्षिप्तमा हाम्रा विगतका केही क्रियाकलापहरु अनुरोध गर्न चाहन्छु ।

सन् २०१५ देखि ६ वर्षका लागि यहाँहरुकै परामर्शमा १५० वटा काम गर्ने रणनीतिक योजना तय गरी कार्यारम्भ गरेका थियौं । हालै गरिएको एक समीक्षामा ७८ प्रतिशत अर्थात ११७ वटा कार्य हामीले पूरा गरेछौं, केही सम्पन्न हुने क्रममा छन् । हुन बाँकी काम पनि पूरा गर्न हामी प्रतिवद्ध छौं ।

देशका सतहत्तरै जिल्लाका मानव अधिकारका मूल पाँच आवश्यकताका बारेमा अनुसन्धान गरी त्यस ठाउँका मूल आवश्यकतामै केन्द्रित भई काम गरेका छौं । मानव अधिकारका विषयमा जिल्ला, प्रदेश र केन्द्रका आवश्यकता निर्धारण गर्ने क्रममा राष्ट्रिय रुपमा महिला अधिकार, बाल अधिकार, स्वास्थ्य अधिकार, शिक्षा अधिकार र आर्थिक अधिकार क्रमशः पाँच प्राथमिक विषय हामीले पाएबाट हामी यस क्षेत्रमा आफ्ना १० कार्यालयमार्फत विशेष समय, साधन र जनशक्ति परिचालित गरेका छौं ।

छाउपडी, घरेलु हिंसा, मानव वेचविखन, बलात्कार जस्ता महिला अधिकारका व्यावधानका विषयमा स्थलगत अध्ययन, सर्वेक्षण र अनुसन्धान गरी विभिन्न प्रतिवेदनहरु प्रकाशित गर्नुका साथै नेपाल सरकारलाई सिफारिश गरिएका छन् । अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकार विषयमा सातै प्रदेशमा पुगी अध्ययन, अनुगमन र अन्तरक्रिया गरी प्रतिवेदन प्रकाशित हुनाका साथै सरकारलाई सिफारिश गरिएको छ । यसै गरी जेष्ठ नागरिकका हकमा सातै प्रदेशका ४८ जिल्लामा संचालित ६२ हेरचाह केन्द्र (वृद्धाश्रम) र सरकारबाट अनुदान लिएका १४५ दिवा सेवा केन्द्रमध्ये ३० केन्द्रको अनुगमन, अध्ययन र अन्तर्क्रिया गरी प्रतिवेदन प्रकाशित गरी सिफारिश गरेका छौँ । यूपीआर प्रतिवेदन मार्फत देशको मानव अधिकारको अवस्था सम्बन्धमा अन्तर्राष्ट्रिय जगत समक्ष सन् २०१५ मा प्रस्तुत गरेका थियौँ भने आगामी अवधिका लागि गरिएका कूल १९५ वटा सिफारिश मध्ये हाम्रो सरकारका प्रतिवद्धता रहेका १५२ वटा सिफारिशका सन्दर्भमा अध्ययन, अनुगमन भइरहेको छ । सन् २०२० मा प्रस्तुत गर्नुपर्ने प्रतिवेदनका लागि यो महत्वपूर्ण अध्ययन हुनेछ ।

जातीय भेदभाव तथा छुवाछूतका विषयमा समेत सबै प्रदेशका ३१ जिल्लाका ३८ स्थानमा पुगी अनुगमन तथा अन्तरक्रिया सम्पन्न गरी प्रतिवेदन प्रकाशनसहित नेपाल सरकारलाई सिफारिश गरेका छौँ । यस्तै मानव अधिकार उल्लंघनका घटनाको अनुसन्धान, कारागारको अवस्था, बन्दीगृहको अवस्था, वातावरण, आप्रवासी कामदार, मानव वेचविखन, पीडितका आवाज र निर्वाचन जस्ता विषयमा पनि स्थलगत अध्ययन, अनुगमनका आधारमा विभिन्न प्रतिवेदन प्रकाशित गरी सार्वजनिक गरिएको छ ।

भूकम्प (२०७२), तथा संविधान जारी हुनु पूर्व र सोपछिका आन्दोलन समेतको अध्ययन, अनुगमन प्रतिवेदन अंग्रेजी भाषामा समेत प्रकाशित भएका छन् । दण्डहीनता र आप्रवासी कामदारका विषयमा हामीले गरेका दुई वटा अन्तर्राष्ट्रिय सम्मेलन पनि त्यत्तिकै उपलब्धिपूर्ण रहेका छन् । कतार र मलेशियाका समकक्षी निकायसँग आयोगले गरेका समझदारी पत्रहरुले खासगरी त्यहाँ रहेका नेपालीहरु लाभान्वित हुने छन् । निकट भविष्यमै नेपाली श्रमिकहरुको बाहुल्यता रहेका अन्य देशका मानव अधिकार आयोगसँग समझदारी गर्न आयोग प्रयत्नशील छ ।

आयोगले १८० वटा स्थानीय तहका न्यायिक समितिका पदाधिकारीहरुलाई मानव अधिकार तालिम प्रदान गरेको छ । आयोगको आन्तरिक सुदृढीकरण तर्फ लोक सेवा आयोगको सहयोगमा कर्मचारीहरुको स्थायित्व र  पदपूर्ति सम्बन्धी प्रक्रियाको पहिलो चरण पूरा गरेको छ । कार्यरत् कर्मचारीहरुको क्षमता विकासको लागि नियमित तालिम प्रणाली आरम्भ भइसकेको छ ।

नेपाली, मैथिली, भोजपुरी, थारु, तामाङ्ग, नेपाल (नेवारी) राष्ट्रिय तथा अंग्रेजी भाषामा गरेर यस अवधिमा प्रकाशन संख्या ९० पुगेको छ । मानव अधिकार साहित्यको विकास गर्दै यस विषयमा चिन्तन मननलाई अगाडि बढाउने उद्देश्यका साथ प्रकाशन आरम्भ गरिएको मानव अधिकार जर्नल संवाहकले आफ्नो प्रकाशन संख्या १२ पुर्‍याएको छ र तेह्रौं अङ्क प्रेसमा छ ।

“सबैका लागि घर घरमा मानव अधिकारः शान्ति र विकासको आधार” मूल लक्ष्यका साथ कार्यारम्भ गरेको यो आयोगले सतहत्तरै जिल्लामा आफ्नो पहुँच बनाउने लक्ष्यका साथ क्रियाशील छ । यस वर्षलाई आयोगले अनुसन्धान वर्षको रुपमा घोषणा गरी मुद्दा फर्छ्यौट तर्फ आफ्नो ध्यान केन्द्रित गरेको छ । विगत पाँच वर्षमा १५५१ वटा उजूरीमा निर्णय भएका छन् । हाम्रो पदावधि भित्रै मुद्दा सबै टुंग्याउने हाम्रो लक्ष्य छ ।

जेष्ठ नागरिकका आर्थिक, सामाजिक, स्वास्थ्य र पारिवारिक स्थिति, लैंगिक अल्पसंख्यकहरुको मानव अधिकार, जातीय भेदभाव तथा छुवाछूत विरुद्धको सांगीतिक चेतनामूलक सामग्री, वातावरणीय अधिकार, आप्रवासी कामदारको मानव अधिकारको स्थिति, महिला हिंसाका विविध पक्ष र तिनका निराकरणका उपाय तथा बाल अधिकारका विषयमा हामीले गरिरहेका अध्ययनले छिट्टै मूर्त रुप लिनेछन् ।

अन्तर्राष्ट्रिय मूल्याङ्कनमा 'क' वर्गमा रहिआएको यो आयोगले देशभित्र मानव अधिकारको प्रयोग र प्रचलनमा सक्रियता जनाइ आएको छ । सन् २०१९ मा सम्पन्न पुनरमूल्याङ्कनमा समेत आयोगले 'क' वर्गको मान्यता कायम राखेको छ । यसबाट आयोगले राष्ट्रसंघीय मानव अधिकार परिषद्मा आफ्नो छुट्टै धारणा व्यक्त गर्न पाउने अधिकार सुनिश्चित गरेको छ ।

आयोगले मानव अधिकारका सन्दर्भमा उठने समसामयिक प्रश्नहरुमा आफ्नो भूमिका निभाइरहेको छ । विगत ५ वर्षमा ३४७ वटा प्रेस विज्ञप्ति र प्रेस नोटहरु जारी गरी नेपाल सरकार तथा सरोकारवाला निकायहरुको ध्यानाकर्षण गराइएको छ । निर्मला पन्तको बलात्कारपछि हत्या र कुमार पौडेल काण्डमा आफ्नो विस्तृत प्रतिवेदन सार्वजनिक गरेको छौँ । यस्तै गम्भीर प्रकृतिका केही प्रतिवेदन तैयारीको अन्तिम अवस्थामा छन् ।

अन्त्यमा,

काम कारवाहीका क्रममा हाम्रा धेरै कमी कमजोरी रहे होलान, कतिपय क्षेत्रमा सबैका अपेक्षा पूरा गर्न सकिरहेका छौनौँ होला यी सबै कमी कमजोरी हाम्रा हुन भने केही उपलब्धि भएका छन् भने ती यहाँहरुकै सदभावका प्रतिफल हुन । यहाँहरु सबैको सहयोग र सदभावले आयोग आफ्ना संवैधानिक दायित्व निर्वाह गर्न अगाडि बढिरहेको छ र बढिरहने छ । आजको यस महत्वपूर्ण घडीमा हाम्रो आमन्त्रणलाई स्वीकार गरी हाम्रो हौसला बढाई दिनु हुने यहाँहरु सबैलाई पुनः हार्दिक स्वागत गर्दछु ।

धन्यवाद ! ! !

प्रस्तुतः २०७६ मंसिर २४ गते, ललितपुर, नेपाल ।